# जैमिनी नगरपालिका
# Jaimini Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

कुश्मीसेरा, बागलुङ (Kushmisera, Baglung)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या: ०८१।०८२
चलानी नं.

**जैमिनी नगरपालिका भित्रका कृषकहरुले आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति २०८१ /०८/१९ गते**

जैमिनी नगरपालिका कृषि शाखाको आ.व. २०८१/०८२ को बार्षिक स्विकृत नगर विकास योजना तर्फका तपशिल बमोजिमका कार्यक्रमहरुमा सहभागि हुन इच्छुक जैमिनी नगरपालिकाका कृषक/कृषि फर्म/कृषि समुह/सहकारी संस्थाहरुले सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र जैमिनी नगरपालिकाका सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | कुल बजेट | अधिकतम लाभग्राही संख्या | अनुदान सिमा प्रतिशत(%) | आवश्यक न्यूनतम मापदण्ड |
|---|---|---|---|---|---|
| १. | सामुदायिक विद्यालयमा नमुना कृषि प्रविधि प्रर्दशन | १,५०,००० | ३ वटा सामुदायिक विद्यालयमा | १०० | • कृषि शाखाले तोके बमोजिमको ढांचामा निवेदन र प्रस्तावना पेश गर्नु पर्नेछ।<br>• सामुदायिक माध्यमिक विद्यालय(९-१२) कक्षा संचालन भएको हुनुपर्ने।<br>• कार्यक्रम संचालनको कम्तिमा २ रोपनी क्षेत्रफल हुनु पर्नेछ।<br>• विद्यालयको आफनै जग्गा वा लिजमा लिएको भए जग्गाको लालपुर्जाको प्रतिलिपी वा ५ वर्षेको करार सम्झौतामा हुनु पर्नेछ। |
| २. | नमुना कृषि गाँउ अर्गानिक भिलेज कार्यक्रम | २,००,००० | २ जैमिनीनगरपालिकाका वडा नं ३ दमेक र वडा नं १० राङखानीमा संचालन गरिनेछ। | ८५ | • कृषि समुह /सहकारीले मात्र निवेदन दिन सक्ने छन् ।<br>• प्रांगारिक र रासायनिक खेति गरिने कित्ताहरु बीच सडक भएमा ४ मी. अन्य अवस्थामा कम्तिमा ५ मी. मध्यवर्ती क्षेत्र हुनु पर्ने ।<br>• खेति गरिने जग्गा एउटै प्लटको हुनुपर्नेछ ।उक्त जग्गामा कुनै पनि रासायनिक मल तथा बिषादी प्रयोग गर्न पाइने छैन ।<br>• अर्गानिक खेति गर्ने स्थानको जग्गा धनी लालपुर्जाको प्रतिलिपी वा लिजमा लिएको भएमा ५ वर्ष करार सम्झौतामा हुनु पर्नेछ।<br>• कम्तिमा ३ रोपनी क्षेत्रफल भई कम्तिमा ७ जना कृषक घरधुरी संलग्न हुनु पर्नेछ। |

पत्र संख्याः ०८१।०८२
चलानी नं.

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ३. | टनेल हाम्रो उत्पादन तपाईको (७०%अनुदानमा सिल्पोलिन वितरण प्लास्टिक | ३,००,००० | ५५ वटा | ७० | • कृषि शाखाले तोकेको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।<br>• कृषक छनोट सम्बन्धित वडा कार्यलयबाट गरिनेछ ।<br>• कृषकहरुले वडा कार्यालयमा आवेदन दिनुपर्ने छ।<br>• व्यवसायिक रुपमा तरकारी खेति गरेको हुनुपर्ने।<br>• छनौट भएका कृषकले टनेलको संरचना निर्माण गरेपछि सम्बन्धित वडाले अनुगमन गरि अनुदानमा टनेल उपलब्ध गराईनेछ। |
| ४. | मसलाबाली प्रवर्द्धन कार्यक्रम | ४,००,००० | अदुवा, बेसारको हकमा ४ | ८० | • अदुवा, बेसारको हकमा आवेदक (दर्तावाला फर्म/समूह/सहकारी)ले कृषि शाखाले तोके बमोजिमको ढांचामा निवेदन र प्रस्तावना पेश गर्नु पर्नेछ भने टिमुरको हकमा आवेदक(दर्तावाला फर्म/समूह/सहकारी/कृषक)ले तोके बमोजिमको ढांचामा निवेदन र प्रस्तावन<br>• मसलाबालीको खेति गर्ने स्थानको जग्गा धनी  लालपुर्जाको प्रतिलिपी वा लिजमा लिएको भएमा ५ वर्षे करार सम्झौतामा हुनु पर्नेछ।<br>• कार्यक्रम संचालनको लागी कृषि फर्मको हकमा कम्तिमा ४ रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तिमा पनि १० रोपनी क्षेत्रफल भई कम्तिमा ७ जना कृषक घरधुरी संलग्न हुनु पर्नेछ।<br>• टिमुरको हकमा टिमुर हुने सम्भावित क्षेत्र (वडा २,३,४,६,९ र १०) र (१,५,७,८) वडाको उपल्लो क्षेत्रलाई प्राथमिकता |

# जैमिनी नगरपालिका
# Jaimini Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
कुश्मीसेरा, बागलुङ (Kushmisera, Baglung) गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


पत्र संख्याः ०८१।०८२
चलानी नं.

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दिईनेछ।<br>• कम्तिमा २ रोपनी क्षेत्रफलमा व्यावसायिक टिमुर खेति गर्ने कृषकलाई पहिलो प्राथमिकतामा राखिनेछ। |
| ५. | मौरी सम्बन्धी ३ दिने तालिम र ५०% लागत साझेदारीमा खाली घार वितरण | २,५०,००० | ५ | ५० | • मौरीपालन सम्बन्धि तालिममा सहभागी हुनका लागी कम्तिमा ५ घारमा मौरीपालन गरी हालसम्म मौरीपालन सम्बन्धि तालिम नलिएको हुने पर्ने।<br>• १० वटै वडाबाट प्रतिनिधित्व हुने गरि कम्तिमा २० जना कृषकलाई समावेश गरी मौरीपालन सम्बन्धि ३ दिने तालिम संचालन गरिने छ।<br>• मौरीपालन तालिममा सहभागि हुने कृषक छनोट सम्बन्धित वडाले गर्नेछ।<br>मौरी घार वितरणको हकमा<br>• कृषि शाखाले तोके बमोजिमको ढांचामा निवेदन र प्रस्तावना पेश गर्नु पर्नेछ<br>• दर्तावाला कृषि फर्म /समूह /सहकारी हुनुपर्ने<br>• खाली मौरी घारका लागी न्यूनतम ३० मौरी घार भएको हुनु पर्ने |

आवश्यक कागजातहरु

१) व्यक्तिगत निवेदन।

२) नेपाली नागरिकताको प्रतिलिपी।

३) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

४) निम्न कार्यक्रमको लागि (मौरी सम्बन्धी ३ दिने तालिम र ५०% लागत साझेदारीमा खाली घार वितरण ,मसलाबाली प्रवर्द्धन कार्यक्रम, नमुना कृषि गाँउ अर्गानिक भिलेज कार्यक्रम) थप आवश्यक कागजातहरु।

- व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी।
- दर्ता नविकरण तथा करचुक्ताको प्रतिलिपी।
- समुह/सहकारिको हकमा निर्णयको प्रतिलिपि।
- समुह/सहकारीको हकमा कार्यक्रमको प्रस्तावना।


फोन नं. ०६८-४२११००, ४२११०१ इमेलः jaiminimun@gmail.com वेभसाइटः https://jaiminimun.gov.np

# जैमिनी नगरपालिका
# Jaimini Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

कुश्मीसेरा, बागलुङ (Kushmisera, Baglung) गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्याः ०८१।०८२
चलानी नं.

नोटः- (अघिल्लो आ.व.मा यस कार्यालय र यस आ.व. मा अन्य कार्यालयबाट एउटै प्रकृतिका कार्यक्रममा अनुदान प्राप्त गरिसकेका फर्म /समूह/सहकारीलाई दोहोरो पर्ने गरि समावेश गरिने छैन।)

थप जानकारीका लागि जैमिनी नगरपालिकाको कृषि शाखामा सम्पर्क (९८६५००५९९८, ९८६६५७१६७५,९८६७७७३१४०, ९८४३७१२०८१) गर्नुहुन अनुरोध छ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत